# श्रीमान नगर प्रमुख श्री प्रकाश अधिकारीज्यूले सातौं नगरसभाको वैठकमा गर्नु भएको सम्वोधन र पारित नीति तथा कार्यक्रम

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल।

२०७७

# आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

टोखा नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत,नगरसभा सदस्यज्यूहरु, पत्रकार, नगरसेवक कर्मचारीहरु एवं सम्पूर्ण नगरवासी महानुभावहरुमा सातौं नगरसभाको नीति तथा कार्यक्रम प्रस्तुतीको उदघाटन सभामा आफ्नो व्यक्तिगत तर्फवाट एवं नगरपालिकाको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

१. सर्वप्रथमतः यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । नेपालको राष्ट्रियता,अखण्डता,स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृन्व प्रदान गर्ने अग्रजहरुप्रति उच्च सम्मान गर्दै उहाँहरुले पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै स्मरण गर्न चाहान्छु । स्थानीय सरकार गठन भै नगर विकास तर्फ अगाडी वढीरहेकै समयमा कोभिड-१९ को महामारीले सिर्जना गरेको चुनौतिपुर्ण र असहज परिस्थितीका वीच आ.ब २०७७/७८ को नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्दैछु ।

२. कोभिड -१९ महामारीका कारण मानव जातिमाथि शाताव्दीकै सवैभन्दा ठूलो संकट पैदा भएको यस विषम परिस्थितीमा महामारीविरुद्ध लड्न मैजुदा रहेका स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त हुदाँ हुदै पनि हाम्रो नगर क्षेत्रमा न्यून रुपमा सङ्क्रमीत पाईनु तपाई हामी सवैको शुरुदेखिकै सावधानी तथा होसियारीले गर्दा सफल हुन पुगेको हो । यस रोगवाट संङ्क्रमीत भई जीवन गुमाउनु हुने सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीवहिनीहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पुर्ण दाजुभाई दिदीवहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

३. कोभिड-१९ महामारीको जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, जनप्रतिनिधीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सुरक्षाकर्मी, संघ संस्थाका प्रतिनिधिहरु, समाजसेवी, स्वयंमसेवक, एम्वुलेन्स चालक लगायत सम्पुर्ण कर्मचारीहरुको उच्च प्रशंसा एवं सम्मान व्यक्त गर्दछु । हाम्रो नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण तथा उपचार

कोषमा नगद तथा खाद्यान्न सहयोग पुर्याउने एंव खानाको सामुहिक मेस (खाना खुवाउने) संचालन गर्ने लगायत सम्पुर्ण सहयोगी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु। भोलिका दिनमा समेत यस्ता सहयोगीहातहरु सदैव फैलिरहुन् भन्ने कामना समेत गर्न चाहान्छु।

४. टोखा नगरपालिका र चिनको तिव्वतस्थित नाक्छु शहर (Nagqu City) वीच भगिनी सम्वन्ध स्थापनाको लागि प्रकृया अघि वढीरहेको अवस्थामा उक्त शहरले कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्रीहरु सहयोग उपलव्ध गराएकोले उक्त शहरलाई विशेष धन्यवाद दिन चाहान्छु।

५. कोभिड-१९ ले विश्व अर्थतन्त्रमा गम्भीर धक्का पुर्याएको परिपेक्ष्यमा हाम्रो मुलुक हुदै स्थानीय तहहरुमा समेत यसले गम्भीर असर पुर्याएको छ। सो कारणवाट सृजित समस्या समाधानको लागि अन्य विविध कार्यक्रमहरुवाट रकमान्तर गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि खर्च गरिएकोछ। विगत तीन वर्षको अथक प्रयासवाट हासिल भएको उपलव्धिहरुको जगमा टेकेर विकासको यात्रालाई तिब्रता दिने कार्यमा कोरना महामारीले पछाडी धकेलिदिएको छ। यस विषम परिस्थितिमा जनप्रतिनिधि, राजनैतिकदल, नगरवासी सवैको ऐक्यवद्धता तथा सहकार्यले मात्र परिस्थितीको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास लिएकोछु।

६. यस नगरपालिकाले विकास, सुशासन र संमृद्धिको यात्रामा हालसम्म हासिल गरेका उपलव्धिहरुलाई संस्थागत गर्दै कोरनाको महामारीवाट नगरवासीको जीवनरक्षा गर्न सर्वसुलभ स्वास्थ्य सेवा निरन्तररुपमा उपलव्ध गराउन पहल गर्दै भविश्यमा आउनसक्ने विपद्को पुर्व तयारी र व्यवस्थापन गर्ने कार्य तर्फ आगामी वर्षको वजेटले ध्यान दिने विश्वास दिलाउन चाहान्छु।

७. कोरना महामारीका कारणवाट विकसित भएको राजनैतिक ऐक्यवद्धता र सौहार्दतालाई अवसरको रुपमा लिई श्रोत साधन एवं क्षमताको उपयोग गर्ने तर्फ वजेट लक्षित हुनेछ।

८. सार्वजनिक खर्चको प्राथमिकीकरण गरी चालु योजनाहरु शीघ्र सम्पन्न गर्न विशेष पहल गर्दै आवश्यक भएका नयाँ योजना तथा कार्यक्रमहरु आगामी वजेटमा समावेश गरिनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

## चालु आ.ब २०७६/७७ को नीति तथा कार्यक्रमको समिक्षाः-

### ९. समस्या तथा चुनौतिहरु -

- ✓ विश्व महामारीको रुपमा रहेको कोभिड-१९ का कारण उत्पन्न असहज परिस्थितीका कारण सोचे अनुसारका काम कार्वाहीहरु समयमानै पुरा गर्न नसक्नु
- ✓ योजना तथा कार्यक्रम साना तथा धेरै संख्या हुनु ।
- ✓ संघ,प्रदेश र अन्य निकायहरु संग योजना, कार्यक्रम तथा अन्य सेवा प्रवाहका सन्दर्भमा उल्लेखनीय समन्वय हुन नसक्नु ।
- ✓ उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु संचालनमा उपभोक्ताहरु समयमानै अग्रसर नहुनु ।
- ✓ नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुको आफ्नै सेवाग्राही मैत्री भवन नहुनु ।
- ✓ सवैखाले सार्वजनिक सम्पतिको संरक्षणमा समस्या हुनु ।

### १०. उल्लेखित समस्या तथा चुनौतिका वावजुदपनि भएका सकारात्मक कार्यहरुको समिक्षात्मक मुख्य मुख्य विवरण तपशिल वमोजिम प्रस्तुत गर्दछु ।

- ✓ उन्नत तरकारी वीउ वीजन वितरण कार्यक्रम भएको । कौशी खेती, उन्नत वीउ वीजन वितरण एवं ट्याक्टर अनुदानमा वितरण गरिएको ।
- ✓ गत वर्ष देखिनै संचालनमा रहेको **एक घर दुई फलफूलको विरुवा** वितरण कार्यलाई निरन्तरता दिईएको ।
- ✓ वौडेश्वर गुरुयोजना अन्तर्गत वालमैत्री पार्क निर्माणको अन्तिम चरणमा रहेको
- ✓ वडा नं ५ कल्की मन्दिर परिषर पार्क निर्माणको चरणमा रहेको ।
- ✓ वडा नं. ८ र ११ जोड्ने मनोहर तिर्थघाट पुल निर्माण सम्पन्नको चरणमा रहेको ।
- ✓ सामाखुशी टोखा रोडको मनोहरस्कूल क्षेत्र देखि ग्रीनल्याण्ड चोक हुदै टोखा प्रहरी प्रभाग सम्मको सडक कालोपत्रे सडक विभागसंगको सहकार्यमा सम्पन्न गरिएको ।
- ✓ सडक विभागसंगको समन्वयमा दाहाल गौडा सडक कालोपत्रे सम्पन्न गरिएको ।
- ✓ सहकारी सचेतना तथा ब्यवस्थापन तालिमको आयोजना गरिएको ।
- ✓ सहकारी ऐन, नियमावलीमा व्यवस्था गरी थप १० वटा सहकारी दर्ता गरिएको ।
- ✓ सवै सहकारीलाई वित्तीय व्यवस्था र सहकारी सु-शासनको लागि सहकारी तथा गरिबी सम्वन्धि व्यवस्थापन सूचना प्रणाली तालिम आयोजना गरिएको ।
- ✓ डष्टवीन, कम्पोष्टवीन, ट्यास विन वितरण गरिएको ।

- ✓ साक्षर नगरपालिका घोषणा कार्यक्रम सम्पन्न गरिएको।
- ✓ संस्थागत विद्यालयमा कक्षा १२ सम्म नै विद्यार्थी छात्रवृत्तिलाई व्यवस्थित गर्ने प्रयास भएको।
- ✓ तिलिङ्गाटार नमूना विद्यालयको गुरुयोजना अनुसारको काम तिव्ररुपमा अघि बढेको। साथै उक्त विद्यालयमा डिप्लोमा सिभिल ओभरसियर ८९ जना र १८ महिने डिप्लोमा कम्प्युटर कोर्समा ३० जना गरी जम्मा ११९ विद्यार्थीहरु अध्ययनरत रहेका।
- ✓ यूवाहरुको भावनालाई मध्ये नजर गर्दै वि डिभिजन, सि डिभिजन क्लवलाई प्रोत्साहन लगायत अन्य विभिन्न वडा तथा नगरस्तरीय खेलकूद गतिविधिहरु संचालन गरिएको।
- ✓ सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको लागि मेयर दिवाखाजा कार्यक्रमको शुरुवात गरेको।
- ✓ प्राथमिक स्वास्थ्य केन्द्रलाई सुधार गरी थप स्वास्थ्य उपचारको व्यवस्था गराउन थालिएको।
- ✓ जेष्ठ नागरिक घुम्ती स्वास्थ्य क्लीनिक संचालन गरिएको।
- ✓ कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिएको।
- ✓ कोभिड-१९ महामारीका कारणवाट प्रभावित असंगठित क्षेत्रका कामदारहरुलाई खाद्यान्न वितरण १२५५० परिवार, क्वारेन्टिन ८० जना राखिएको साथै आरडिटी ७०३ जना, पिसिआर ४१८ जनाको परीक्षण गरिएको, नगरका विभिन्न चोकहरुमा हातधुने ट्याङ्की २२ स्थानमा राखिएको, क्लोरिन छर्ने कार्य गरिएको।
- ✓ प्राथमिक स्वास्थ्य केन्द्रमा चौविसै घण्टा स्वास्थ सेवा संचालनका साथै सुरक्षित प्रजनन् गराउन शुरुवात गरिएको।
- ✓ डिजिटल नगर पार्श्वचित्र तथा वाल प्रोफाईल निर्माण गरिएको।
- ✓ मनुमित्र (छाडा कुकुर) हरुको लागि भ्याक्सोटेमी कार्यक्रम संचालन गरिएको।
- ✓ महिला, भिन्न क्षमता भएका व्यक्तिहरुलाई उनीहरुको भावना सीप क्षमता अनुसारका विभिन्न आयमूलक, सीपमूलक तालिमहरु संचालन गरि विभिन्न उपकरण सामाग्रीहरु वितरण गरिएको।
- ✓ कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन समिति क्रियाशिल रहेको।
- ✓ विष्णुमति नदिले कटान गरेका विभिन्न स्थानहरुमा नियन्त्रणको कार्य गरिएको।
- ✓ गणेश पोखरी तथा सरस्वती पोखरी मर्मतको कार्य गरिएको।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सेवा प्रवाह सम्वन्धी क्षमता विकास तालीम संचालन।
- ✓ राजस्व सफ्टवेयर, जिन्सी सफ्टवेयर लागू गरिएको ।

✓ न्यायीक समितिले नियमित रुपमा आफ्नो काम कार्वाही कानुनको परिधिभित्र रहि सम्पादन गरेको ।

## ११. आ.व २०७६/७७को हाल सम्म सम्पन्न पुर्वाधार निर्माण

चालु आर्थिक वर्षमा उपभोक्ता समितिको क्षमतालाई मध्येनजर गर्दै भारी ईक्यूपमेन्ट प्रयोग गर्नु पर्ने खालका योजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्य नगराउन निर्देशन भए अनुसार नगरपालिकाले ठेक्का प्रकृया संचालन गर्दै योजना संचालन गराउने मुख्य समय फाल्गुण शुरुवातको चरणमा रहि विभिन्न ३९ वटा योजनाहरुको ठेक्का सूचना प्रकाशन गरि कतिपय योजनाहरुलाई कार्यादेश दिई सकिएको त कतिपयको कार्यादेश दिने अन्तिम चरणमा रहेकोमा मुलुक वन्दावन्दीमा प्रवेश पश्चात कामले गतिलिन नसक्दा ठेक्कावाट संचालन हुने योजना होस् या उपभोक्ता समितिहरु मार्फत संचालन हुने योजना होस् सवैको नतिजा परिणाममुखी पाउन सकिएको छैन । तसर्थ आगामी वर्ष नगरपालिका द्रुत विकास वर्षको रुपमा रहनेछ ।
अव म चालु आ.ब मा पुर्वाधार निर्माणका क्षेत्रमा भएका मुख्य-मुख्य उपलव्धिहरुलाई प्रस्तुत गर्दछु ।

✓ **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत**

| सि.नं. | योजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम रु. | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | मिलन टोल किष्ट कलेज देखि सुवासजीको घरसम्मको बाटो ढलान | वडा नं. ८ | १२६०००० | १००% |
| २ | ॐ शान्ति भवनको मर्मत सम्भार | वडा नं. ११ | २०००००० | १००% |
| ३ | लार्के स्कूल देखि शिव मन्दिर निस्कने सडक स्तरउन्नती | वडा नं. ९ | १०००००० | ५०% |

✓ प्रदेश सरकारको ससर्त कार्यक्रम अन्तर्गत

| सि.नं. | योजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वौडेश्वर मा.वि भवन सवलिकरण | वडा नं.१ | १०००००० | |
| २ | टोखा न.पा ३ को मुल वाटो देखि विध्यवासिनी मा.वि हुदै तल्लो मुल वाटो जोड्ने सडक स्तरोन्नती | वडा नं. ३ | ३०००००० | ७५% |
| ३ | साईवावा चोक देखि विष्णुमति सम्म सडक स्तरोन्नती | ३ | ४०००००० | १००% |

✓ चा.लु आ.व २०७६/७७ मा स्थानीय उपभोक्ता समिति तथा नगरपालिकाको संयुक्त लागत सहभागितामा निर्मित मुख्य मुख्य योजनाहरु (रु. १० लाख माथिका आयोजनाहरु)

| क्र.स | योजना तथा कार्यक्रमको नाम | न.पा वाट विनियोजित (६०%) रकम | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | वालुवापाटी धनेश्वर-धमलटार-भत्केपाटी सडक ( प्रदेश सरकारवाट ५०% नगरपालिकावाट ५०% लागत सहभागितामा संचालन हुने | ६१८७५८७.५७ | ३ | ४०% |
| २ | विनायक टोल सडकमा सडक ढल पक्की | २१८०००० | ४ | १००% |
| ३ | हरिहर आश्रम जाने सडकमा सिढीं निर्माण | ४०५०००० | ६ | १००% |
| ४ | धापासी गणेशस्थानवाट खड्काभद्रकाली जाने सडकको उत्तर बद्रीकान्त अर्यालको घर अगाडी वाट वुढानिलकण्ठ सिमाना खहरे सम्म सडक निर्माण एवं विस्तार | १६५०००० | ४ | १००% |
| ५ | उज्यालो वस्ती टोल विकास संस्थाको लागि ढलमलमा सडक ढलान गर्ने कार्य | १३२५००० | ३ | १००% |
| ६ | भिल्लीवस्ती भित्र सडक तथा ढल व्यवस्थापन | १०९०००० | २ | १००% |
| ७ | वखुन्डोल टोल विकास संस्थालाई टहर्चा देखि वखुन्डोल सडक सम्म ढलान कार्य | १२९७९७७.६२ | ३ | १००% |
| ८ | फुलवारी हाईट टोल विकास संस्थालाई वाटो ढलान, खानेपानी पाईपलाईन निर्माण, मंगाल निर्माण | १५७०००० | ३ | १००% |
| ९ | किट कलेजदेखि सुभाषको घर सम्मको भित्री वस्तीको वाटो ढलान गर्ने कार्य | १८६४५६१ | ८ | १००% |
| १० | शिवसुन्दर टोल विकास संस्थालाई ढल तथा ढलान गर्ने कार्य | ११७१००० | ३ | १००% |
| १२ | सुर्यदर्शन हाईट विकास समाजलाई भित्री ढल खानेपानी लाईन विस्तार तथा सडक ढलान कार्य | १२००००० | ३ | १००% |
| १३ | ढलमल प्रगती टोललाई ढलाल टोलवाट स्टार टाउन सम्म जोड्ने सडक ढलान गर्ने कार्य | १२००००० | ३ | १००% |

✓टोखा नगरपालिकाको लागतमा सम्पन्नको चरणमा रहेका मुख्य मुख्य योजनाहरु (रु. २० लाख माथिका आयोजनाहरु)

| क्र.स | योजना तथा कार्यक्रमको नाम | न.पा वाट विनियोजित रकम रु. | वडा नं. | कार्य प्रगति |
|---|---|---|---|---|
| १ | मनोहरतिर्थ पुल निर्माण | ३२३३६६७३.०० | ८-११ | ८५.८० % प्रदेश सरकारको सहयोग समेत |
| २ | वौडेश्वर वालमैत्री पार्क | ३१२७३८७२.६९ | १ | ७२.०९ % महानगरको सहयोग समेत |

| | | | | |
|---|---|---|---|---|
| ३ | कल्की नारायण मन्दिर ईलाकाको पार्क | १७४१०४२०.९३ | ५ | **कार्यान्वयको चरणमा** |
| ४ | नगरपालिका कार्यालयको प्रशासनीक भवन | १३१९६४४७८.३१ | ७ | **ठेक्का सम्झौता भै सकेको** |
| ५ | सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुलाई मेयर दिवा खाजा कार्यक्रम | ७५००००००.०० | सवै | **संचालन** |
| ६ | खानेपानी डिप वोरिङ्ग निर्माण तथा संचालन खर्च | १४७००००००.०० | | **३ वटा स्थानमा के.यू.के.एल वाट डिपवोरिङ्गको लागि रकम निकासा हुदै** |
| ७ | Hydraulic Jet खरिद | ६००००००.०० | | **अन्तिम चरणमा पुगेको** |
| ८ | तिलिङ्गाटार मा.वि को गुरुयोजना अनुसारको पुर्वाधार निर्माण ( संघीय सरकारको अनुदान) | १५००००००.०० | | **निर्माणको चरणमा रहेको** |
| ९ | विभिन्न सडकहरु मर्मत सम्हार तथा स्तरउन्ती ( सडक वोर्ड मार्फत प्राप्त ) | ४३४९९०४.५१ | विभिन्न वडा | **३०.९९%** |
| १० | बैकुण्ठपुरी टोलमा ढल तथा सडक स्तरउन्नी | ६००००००.०० | ११ | **३४.६१ %** |
| ११ | सामाखुशी टोखारोडको मनोहरस्कूल देखि सि.आर.एस, ग्रीनल्याण्ड, मिलनटोल हुदै प्रहरी प्रभाव सम्मको सडक कालोपत्रे एवं Over Lay | १११०६४२४.५७ | ७,८, १०, ११ | **१००% सडक विभागको सहयोग समेत** |
| १२ | हेराल्ड कलेज पछाडी सडक पक्की गर्ने कार्य | ३०००००० | ७ | **१०० %** |
| १३ | त्रियोग गेट देखि डि आई जि को घर सम्म खानेपानी पाईप फेर्ने तथा सडक पक्की गर्ने कार्य | ३०००००० | ७ | **१०० %** |
| १४ | जनार्दन ढकालको घर देखि कुमारी होटल हुदै गोधुली सम्म खानेपानी पाईपलाईन विस्तार | २०००००० | ७ | **सम्पन्नको अन्तिम चरणमा** |
| १५ | नगरपालिका कार्यालय अगाडी देखि उत्तर तर्फ हुदै मूल सडक सम्म जोड्ने | २०००००० | ७ | **सम्पन्नको अन्तिम चरणमा** |

| | | | | |
|---|---|---|---|---|
| | सडकस्तरउन्नती | | | |
| १६ | मिरा मिश्रको घरदेखि सरला ढकालको घरसम्म ढल र सडक पक्की | २२००००० | ६ | सम्पन्नको अन्तिम चरणमा |
| १७ | पृथ्वी मार्ग सकिला गुरुङ्को घरदेखि उत्तर अम्मर श्रेष्ठको घर सम्म वाटो विस्तार ढल निर्माण तथा सडक पक्की | २२००००० | ५ | सम्पन्नको अन्तिम चरणमा |
| १८ | वसुन्धरा सृजनशिल सामुदायिक भवन तल्ला थप तथा सभाहल निर्माण | २०००००० | ५ | सम्पन्नको अन्तिम चरणमा |
| १९ | पार्वती अधिकारीको घरदेखि भेटघाट चोक सम्म ढल एवं सडक पक्की | ४३००००० | ४ | कार्य संचालन भै रहेको |
| २० | काकूढल निर्माण | २०००००० | ३ | १०० % |
| २१ | निर्मला पोखरेलको घरवाट मनकामना मन्दिर सम्म अगाडी सम्म ढल तथा सडक स्तरउन्नती | २०००००० | ३ | कार्य संचालन भै रहेको |
| २२ | आदर्श टोल वाट झुडोल कुवा निस्कने सडकमा ढल तथा ग्राभेल एवं स्तरउन्नती | २०००००० | ३ | १०० % |
| २३ | गणेश पोखरी निर्माण मर्मत | ४८००००० | २ | कार्य संचालन भै रहेको |
| २४ | टोखा थलाग गले पार्क निर्माण | २०००००० | २ | कार्य संचालन भै रहेको |
| २५ | टोखा मूल सडक निर्माण | १०४१३७९९.९० | २-३ | संचालनको चरणमा |
| २६ | नासपाचा सिढी निर्माण | ३२०००००.०० | २ | अन्तिम चरणमा रहेको |
| २७ | सपनतिर्थ जाने वाटो ढलान | २१००००० | २ | १०० % |

- **नक्सा शाखाको बिवरण**

| बिवरण | नयाँ | नक्सा | नामसारी | निर्माण | अभिलेखिकरण |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | नक्सा | नियमित | | सम्पन्न | |
| संख्या | ३४१ | १२५ | २२८ | १११ | ११२ |
| जम्मा | ९१७ | | | | |

**१२. अव म आ.व. २०७७/७८ को नीति कार्यक्रम तथा वजेटका सोच, गन्तव्य, लक्ष्य, उदेश्य,अपेक्षित उपलव्धि तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहान्छु ;-**

**क सोच (VISION) :-**

नेपाल सरकारले अघि सारेको दीर्घकालीन लक्ष्यको **समृद्ध नेपाल सुखी नेपाली** अभियानलाई सफल र सार्थक तुल्याउँदै **ऐतिहासिक, सास्कृतिक,पर्यटकीय समृद्ध टोखा नगर**को आधार शिला तयार गर्ने ।

**ख गन्तव्य (MISSION) :-**

आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन आदिका माध्यमवाट मानव विकास सूचाङ्कमा स्तरउन्नती गर्दै ढ्गिगो विकासको लक्ष्य हासिल गर्ने ।

**ग लक्ष्य (GoALS):-**

- ✓ पारदर्शी प्रशासन, ढ्गिगो विकास र न्यापूर्ण आर्थिक समृद्धि हासिल गर्दै वालमैत्री, वातावरणमैत्री सुन्दर नगर निर्माण गर्ने ।
- ✓ सेवाग्राहीमैत्री कार्यालय भवन, भौतिक पुर्वाधार, कार्यक्षमता सहितको जनशक्ति विकास गर्दै सेवाग्राही मैत्री प्रशासन निर्माण गर्ने ।
- ✓ प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा विकास गर्ने साथै प्रदेशस्तरीय ल्याव निर्माणको लागि प्रदेश सरकारसंग पहल गर्ने ।
- ✓ खानेपानी आपुर्तिका लागि उचित स्थानहरुमा डिप ट्यूवेल जडान गर्ने तथा मेलम्ची खानेपानीलाई नगरपालिका ईलाकामा वितरण गर्ने व्यवस्था मिलाउन पहल गर्ने । प्राकृतिक श्रोतको पहिचान गरी खानेपानी आपुर्ति व्यवस्था मिलाईने ।

- ✓ एक वडा एक पार्क निमार्ण क्रमागत रुपमा सम्पन्न गर्नका लागि सार्वजनिक जग्गा संरक्षण गरि DPR निर्माण भएका पार्कहरुको सिघ्र कार्यान्वयनमा जोड दिने। साथै DPR तयार भएका सवै ठूला तथा महत्वपूर्ण योजनाहरु कार्यान्वयनमा लैजाने।
- ✓ एकिकृत शहरी विकास योजना(खानेपानी, ढल तथा सडक) तयार गरी कार्यान्वयनमा विशेष जोड दिने।
- ✓ भू-उपयोग नक्साङ्कन योजना निर्माण गर्ने।
- ✓ घर नक्सालाई डिजिटलाईजेशन प्रकृयामा आवद्ध गर्ने।
- ✓ एक वडा एक खेलमैदान विस्तार गरिदै लगिने।
- ✓ वालमैत्री स्थानीय शासन लागू गर्ने चरणमा रहेकोमा सो को सम्पूर्ण सूचकहरु पुरागरी वडागत रुपमा घोषणा गर्दै जाने।
- ✓ **जनता सुरक्षा कार्यक्रम** अन्तर्गत नगरपालिकाका मूख्य सडक चोकहरुमा CCTV जडान गर्ने ।
- ✓ **मेयर उज्यालो कार्यक्रम** अन्तर्गत नगरपालिकाका मुख्य मुख्य तथा अन्य अति घनत्व हुने सडकमा सडकवत्ती राख्ने ।
- ✓ नगरलाई देश तथा विदेशमा चिनाउन अन्तरनगर भगिनी सम्वन्ध स्थापना गर्ने।
- ✓ नगरभित्रका सवै सार्वजनिक सम्पतिहरुको अभिलेखन गरि संरक्षण गर्ने ।
- ✓ सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि मेयर दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिने ।
- ✓ प्राविधिक शिक्षालयको स्थापना गर्न केन्द्रिय सरकार संग पहल गर्ने ।
- ✓ वडा नं. ३ मा रहेको भुतखेल चौरलाई नगरस्तरिय खेलकूद मैदान निर्माणको लागि पहल गर्ने।
- ✓ Over head Crossing Bridge निर्माण गर्न केन्द्रिय सरकार संग पहल गर्ने ।
- ✓ नगरभित्रका ऐतिहासिक धरोहरहरुको पुननिर्माण तथा जिर्णोद्धार गर्न विषेश पहल गर्ने ।
- ✓ नगर प्रवेशका मुख्य चोकहरुको मूल वाटोहरु मर्मत सम्हार तथा कालोपत्रे Over lay गर्ने कार्यलाई निरन्तरता दिने ।
- ✓ यूवा परिचालन क्रियाशिलताको लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लगायत अन्य विविध कार्यक्रम अघि वढाउने साथै यूवा उद्यमशिलता एंव परिचालनमा जोड दिने ।
- ✓ टोखा सांस्कृतिक संरक्षित क्षेत्रलाई विकास गर्न संरक्षित क्षेत्र विकास समितिलाई निरन्तरता दिने।

## क. उदेश्य (OBJECTIVES):-

- ✓ स्वास्थ्य पुर्वाधार निर्माणमा जोड।

- ✓ विधिको शासन।
- ✓ असल शासन, पारदर्शी प्रशासन।
- ✓ नगरवासीको नारा ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर।
- ✓ समतामूलक व्यवहार।
- ✓ नगरको मौलिक विषेशता र पहिचान प्रवर्द्धन गर्ने।
- ✓ सिपयुक्त दक्ष जनशक्ति वृद्धि।
- ✓ सामाजिक सुरक्षा र दिगो शान्तिको विकास।
- ✓ पर्यटन पुर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि।
- ✓ समृद्ध नगर निर्माणको लागि यूवा क्रियाशिलता र सहभागितामा जोड दिने।

**ख. अपेक्षित उपलव्धि :-**

- ✓ आव २०७७/७८ को अन्त सम्ममा ठूला भौतिक पुर्वाधारका कार्यक्रमहरु कार्यान्वयनको चरणमा भएको हुनेछ।
- ✓ ऐतिहासिक, सास्कृतिक स्वरुपको कार्यालय भवन निर्माण भएको हुनेछ।
- ✓ एक वडा एक पार्कको अवधारणा कार्य संचालनमा रहेका पर्यटन पुर्वाधार सहितको पार्कहरु निर्माणको चरणमा पुगेको हुनेछ।
- ✓ एक वडा एक खेलकूद मैदान निर्माणको चरणमा रहेको हुनेछ।
- ✓ Digital नगर प्रोफाईल तयार भै सकेकोले घर नम्वर वितरणको लागि आवश्यक तयारी हुदै गरेको हुनेछ ।
- ✓ खानेपानीको सहज व्यवस्था मिलाउनको लागि वितरण सहज भएको हुनेछ। कम्तिमा १० स्थानवाट डिप बोरिंग योजना संचालनमा आउने छ।
- ✓ DPR सम्पन्न भएका नगरस्तरीय गौरवका योजनाहरु कार्यान्वयनको चरणमा गएको हुनेछ।
- ✓ नगरका मुख्य मुख्य सडकहरु हुदै भित्री सडकहरु समेत पक्की भएको हुनेछ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुमा अनुभव र क्षमतामा थप परिपक्कता सृजना भई कार्य सम्पादनमा परिस्कृत भएको हुनेछ।
- ✓ सूचना तथा संचारका दृष्टिले नगरपालिकामा विद्युतिय प्रविधिको उच्चतम् प्रयोग भएको हुनेछ।
- ✓ नगर विकास र संबृद्धिमा नगरवासीको अपनत्व वृद्धि हुनेछ।
- ✓ नगरका मुख्य मुख्य सडक तथा वस्तीहरुमा सडकवत्ती तथा सिसिटिभी जडानको कार्य भएको हुनेछ।

✓ नगरवासीमा स्थानीय सरकारको महत्वमा वृद्धि भई स्थानीय सरकारको महशुस हुनेछ।

**ग. प्राथमिकता**

✓ पुर्वाधार विकास

✓ सामाजिक विकास

✓ कोभिड-१९ संग सम्वन्धित कार्यक्रम

✓ आर्थिक विकास

✓ वातावरण तथा विपद

✓ सार्वजनिक सेवा तथा क्षमता विकास

✓ क्षेत्रगत कार्यक्रमहरुलाई ढ्गिगो विकासको लक्ष्यसंग आवद्ध गरिनेछ।

✓ सरकारी, नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा जोड दिईनेछ।

✓ उपलव्ध श्रोत, साधन, अवसर र क्षमताको अधिकतम् उपयोग गर्न समानुपातिक वितरण प्रणाली अवलम्वन गर्दै सवै क्षेत्र, वर्ग, समुदायलाई सामाजिक न्याय सहितको विकास गर्ने।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१३. नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु-

- नेपालको संविधान।
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र वागमती प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दीग्दर्शन, २०७४
- राजस्व परामर्श समितिको प्रतिवेदन
- श्रोत तथा वजेट सीमा निर्धारण समितिको सिफारिस।
- संघीय तथा वागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र वजेट।
- संघीय सरकारकाको विभिन्न परिपत्र तथा निर्देशनहरु।
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सृजित दायित्वहरु।
- निर्वाचनका वेला नगरवासी सामू गरेका प्रतिवद्धता एंव घोषणाहरु।

- वडाहरुको जनसंख्या,भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पुर्वाधारको अवस्था समेतका आधारमा वस्तुगत र वैज्ञानिक पद्धति अवलम्वन गरिएको ।
- संघीय सरकारकाका मन्त्रीज्यू, यस क्षेत्रका संघीय सासंदज्यू, प्रदेश सभासदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिहरु एंव विषय विज्ञहरु एवं वुद्धिजीवि वर्गको सल्लाह सुझाव एंव मार्गनिर्देशन आदि ।

१४. कोभिड-१९ महामारीका वीच पनि सहभागितामूलक योजना तर्जुमाका चरणहरु मार्फत समुदाय तथा वस्तीस्तर-वडा समिति-विषयगत समिति एवं नगरकार्यपालिका वैठक हुदै यस क्षेत्रका माननीयज्यूहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधि साथीहरु, प्रवुद्ध विद्धान वर्ग, समाजमा रहेका विकास अभियन्ताहरु लगायत सवै सरोकारवाला महानुभावहरु, जनप्रतिनिधि साथीहरुको घनिभूत छलफलका आधारमा आ.व २०७७/७८ को निम्न नीति तथा कार्यक्रम पेश गरेको छु ।

## १. आर्थिक विकास–

### क. कृषि तथा पशु सेवा

१ सामुहिक, सहकारी कौसी खेती, करेसावारी तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै कृषकहरुलाई उचित तालिम तथा अनुदान एवं उन्नत विउ विजन उपकरण लगायतका सामाग्रीहरु उपलव्ध गराईने नीति लिईनेछ ।

२ परापूर्व कालदेखि नै चाकुको लागि प्रख्यात यस टोखा नगरपालिकाको वडा नं.२ र ३ को पहिचानलाई जीवन्त राख्न पहल गरिनेछ ।

३ नगरपालिकामा रहेको कृषि तथा पशु सेवा शाखालाई थप व्यवस्थित तथा समय सापेक्ष बनाईने छ । कृषकहरुले नगरपालिकाको कृषि तथा पशु सेवा शाखाबाट प्रविधि र सीपको व्यावहारिक ज्ञान सहजताका साथ प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

४ नगर क्षेत्रका किसानहरुलाई रसायनिक मल विक्री-वितरण सहकारीका माध्यमवाट सहजिकरण गर्दै नगरपालिका क्षेत्र भित्र कृषि उत्पादनको सहज विक्री वितरणको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

५ **कृषि उत्पादनको मूल आधार, अनुसन्धान, शिक्षा र प्रसार**लाई अंगीकार गर्दै नगरपालिका क्षेत्र भित्र उत्पादनको सम्भावना रहेका मौसमी तथा वेमौसमी

तरकारी तथा फलफुल खेतीको सम्भाव्यता अध्ययन गरी त्यस्ता फलफुल तथा तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

६ नगरपालिका क्षेत्र भित्र कृषि उत्पादन संचयको लागि चिस्यान केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

७ पशुहरुमा लाग्ने महामारी रोगहरुको बिरुद्ध नियमित खोप (HS,BQ, FMD, PPR र Anti-Rabies, आदि) निशुल्क रुपमा लगाईनेछ । घरपालुवा सवै प्रकारका चौपाया तथा मनुमित्र (कुकुर)हरुको अनिवार्य दर्ता गर्ने व्यवस्था मिलाईनेछ साथै छाडा मनुमित्रहरुलाई उचित वन्ध्याकरणको प्रवन्ध गरिनेछ ।

८ नगरपालिका क्षेत्र भित्र पशुपंक्षीपालन व्यवसायलाई व्यवस्थित तुल्याउन नगरपालिकामा भएका पशु व्यवसाय सम्वन्धि फर्महरुको अभिलेखीकरण गरी पशु नश्ल सुधारकालागि आधुनिक पद्धति अनुसार कृतिम गर्भाधान प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

९ नगरपालिका क्षेत्र भित्र घरपालुवा पशु छाडा छोड्ने पशुधनीलाई दण्ड जरिवाना सहित कार्वाही गरिनेछ ।

१० नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका पशुवधस्थलहरुलाई सुरक्षित तथा गुणस्तरीय वनाउन नियमित अनुगमन गरि मासुजन्य, दुग्धजन्य, पसलहरुको गुणस्तरीयता परीक्षण गर्ने कार्य थप व्यवस्थित गरी सुरक्षित विक्रीवितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

११ स्त्री जाती चौपाया हत्या गरेमा प्रचलित कानुन वमोजिम कार्वाही गरिनेछ ।

**ख पर्यटन क्षेत्र**

१२ गत आ.व. देखि शुरु भएको वौडेश्वरको एकीकृत विकासको लागि निर्माण भएको गुरुयोजना वमोजिमको कार्यलाई सम्पन्न गर्न तीब्र रुपमा लागिने छ ।

१३ यस नगर क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक, पुरातात्विक, पौराणिक मठमन्दिर, चैत्य, गुम्वा, गिर्जाघर, मस्जिद लगायत अन्य सम्पदा तथा पर्यटकिय स्थलको संरक्षण सम्वर्द्धन गरी नगर संग्राहलय स्थापनार्थ आवश्यक पहल गरिनेछ ।

१४ चालु आ.व. मा आयोजना गर्न लागिएको दोश्रो टोखा महोत्सव कोभिड-१९ का कारण रोकिएकोमा उचित समयमा आयोजना गरि संचालन गरिनेछ ।

१५ आन्तरिक तथा वाह्यय पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यमूलक योजना वनाई कार्यान्वयन गरिनेछ । यसको सुरुवात झोर-चण्डेश्वरी पदमार्ग, वौडेश्वर वालमैत्री

पार्क एवं झरनावाट हुनेछ । साथै साईक्लिङ् पदमार्ग, होमस्टे, प्याराग्लाईडिङ्ग लगायतका क्षेत्रहरुको संम्भाव्यता अध्ययन गरिनेछ ।

**ग सहकारी**

१६ नगरपालिकामा रहेका सहकारीहरुको विकास, एकिकरण हुन चाहनेलाई आवश्यक सहयोग एंव सहजिकरण गरि प्रोत्साहन गरिनेछ । साथै प्रदेश तथा संघ अन्तर्गतका सहकारीहरुलाई अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत गराईनेछ ।

१७ वैदेशिक रोजगारीवाट फर्किएका तथा स्वदेशमै रहेका वेरोजगार युवाहरुलाई आफ्नै देशभित्र काम गर्ने वातावरण सृजना, सहकारीमार्फत रोजगारी सृजना तथा युवास्वरोजगर कार्यक्रम कार्यविधि निर्माण गरी संचालन गरिनेछ ।

**१८** उपभोक्ता हकहित संरक्षणका लागि कोभिड-१९ को त्रास रहेको अवस्थामा समेत आवश्यक वस्तुको आपुर्ति व्यवस्थापन चुस्त बनाउन वजार अनुगमन कार्यलाई निरन्तरता दिई सहकारीहरुको समन्वयमा **एक वडा एक सुपथ मूल्य सहकारी पसल** संचालनको लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१९ सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृध गर्न सहकारी तथा गरिवी सम्वन्धि व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) अनिवार्य लागू गराईनेछ

२० उत्पादन र रोजगारीलाई सहकारीसंग आवद्ध गराई उत्कृष्ट सहकारीलाई प्रोत्साहन गरि सम्मान गरिनेछ ।

२१ सहकारी सम्वन्धि कार्यविधी, निर्देशिका, मापदण्ड लगायतका नियमन सम्वन्धि कानुन समयानुकूल तयार गरिनेछ ।

**घ उद्योग तथा वाणिज्य**

२२ घरेलु तथा साना उद्योगको क्षेत्रमा प्रत्येक वडामा उत्पादन हुन सक्ने बस्तु तथा सेवाको सम्भाव्यता अध्ययन गरी **आफ्नै श्रोत आफ्नै उद्यम**को नीति अनुरुप **एक वडा एक उत्पादन/पहिचान**को नीति लिईनेछ।

२३ लगानीमैत्री वातावरण सृजना गर्दै **उद्यमीको हात नगरको सदैव साथ**को नीति लिदै उद्योग स्थापना/ संचालनको लागि उद्योगीहरुलाई विषेश प्रोत्साहन गरिनेछ।

२४ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि वमोजिम सार्वजनिक पुर्वाधार

मर्मत सम्हार तथा सुधार सम्वन्धि श्रम प्रधान कार्यक्रम संचालन गरी रोजगार प्रवर्द्धन गरिनेछ।

२५ व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ।

२६ **एकीकृत सीप विकास** सम्वन्धी कार्य योजनाको प्रवर्धन गरिनेछ । साथै व्यावसायीक तालिमको आयोजना गरिनेछ।

२७ परम्परागत, ब्यबसायीक तथा सीपमुलक घरेलु उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२८ टोखा नगर क्षेत्रमा नगरस्तरीय एक प्रदर्शनी केन्द्र निर्माण गर्न स्थान पहिचान गरि संघ/प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

२९ सवै किसिमका प्रदुषण रहित उद्योगहरुको संचालनमा प्रोत्साहन गर्ने नीति लिईनेछ।

३० निर्यात जन्य वस्तु उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

## २. सामाजिक विकास

### क शिक्षा

३१ कोभिड-१९ का कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई मध्यनजर गरी भर्चुअल कक्षा संञ्चालनका माध्यमवाट नयाँ शैक्षिक सत्रको पठनपाठन अगाडी वढाउन विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ।

३२ सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको लागि **मेयर दिवा खाजा कार्यक्रम** लाई निरन्तरता दिईनेछ।

३३ शिक्षालाई मानव पुँजी निर्माण, सामाजिक रुपान्तरण र आर्थिक विकासंग जोड्न स्थानीय पाठ्यक्रमको विस्तार, शिक्षण सामाग्रीको व्यवस्था र नविनतम प्रविधिमा जोड दिदै सवै सामुदायीक विद्यालयहरुमा नेपाली, संस्कृत, सामाजिक तथा अन्य स्थानीय भाषा सम्वद्ध पाठ्यक्रम वाहेक अन्य पाठ्यक्रमलाई अंग्रेजी भाषामा अध्यापन गराउने नीति लिईनेछ । साथै वैकल्पिक शिक्षा र निरन्तर कक्षाहरु संचालनलाई सहयोग गरिनेछ।

३४ नगर भित्रका विद्यालयहरुलाई वातावरणमैत्री र प्रविधियुक्त वनाउन पहल गरिनेछ । विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा प्रणाली सुधार अध्ययन समिति गठन गरिनुका साथै **शैक्षिक गुणस्तर मापदण्ड** तयार गरि

लागु गरिनेछ । तोकिएको मुल्याङ्कनका आधारमा उत्कृष्ठ नतिजा ल्याउने विद्यालयहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिदै कमजोर नतिजा हुने विद्यालयहरुलाई दण्डित गरिनेछ । नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि प्रत्येक विद्यालयमा शैक्षिक गुणस्तर निरीक्षक राख्ने व्यवस्था गर्दै शिक्षक तथा अन्य कर्मचारीहरु नीजि श्रोतवाट राख्नु पर्दा नगरपालिकावाट अनिवार्य रुपमा अनुमति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

३५ विद्यालय जाने उमेर समुहका सवै बालवालिकाहरुलाई विद्यालय भर्ना गरी आगामी वर्ष भित्र आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । यसका लागि अति विपन्न बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामाग्री, पुस्तक जस्ता विद्यार्थी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

३६ वालविकास केन्द्रहरुको सुदृढीकरण गर्दै क्रमशः सवै सामुदायीक विद्यालयहरुमा (मन्टेश्वरी) पुर्व प्राथमिक कक्षा संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३७ नगर क्षेत्र भित्रका सवै सामुदायीक विद्यालयहरुमा शिक्षकःविद्यार्थी अनुपात अनुसार विषयगत तथा तहगत रुपमा दरवन्दी मिलान गरिनेछ ।

३८ नगरपालिका क्षेत्रभित्र रहेका वैकल्पिक विद्यालयहरु तथा संस्थागत विद्यालयहरुको आवश्यक नियमन र व्यवस्थापन गरिनेछ । सवै नीजि विद्यालयहरुमा मासिक शुल्क, भर्ना शुल्क, परीक्षा दस्तुर लगायतका शुल्क दस्तुरहरु निर्धारण गरी लागू गरिनेछ ।

३९ विद्यालयहरुको अनुमति, नियमन र अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाईनेछ । साथै नगरपालिका भित्रका सवै विद्यालयहरुको एउटै यूनिफर्म लागू गर्न आवश्यक परामर्श गरिनेछ ।

४० नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुसंग आवश्यक समन्वय गरी गरिव, जेहन्दार, पिछडीएका वर्ग, विपन्न, जनजाति, दलित, अपाङ्ग, महिला, जन-आन्दोलनका घाईते, सहिद, वेपत्ता परिवारका सन्तती लगायतलाई छात्रवृतिको साथै आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोशाक लगायतका सामाग्रीहरु उपलव्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने व्यवस्था मिलाइनेछ ।

४१ सामुदायिक विद्यालयको गुणस्तरीय शिक्षामा लगानी वृद्धि गर्नको लागि सामाजिक उतरदायित्व(Corporate Social Responsibility) अन्तर्गत नीजि विद्यालयहरुलाई उल्लेखित क्षेत्रमा लगानी वढाउन उत्प्रेरित गरिनेछ।

४२ सामुदायिक विद्यालयमा अध्ययनरत सवै किशोरीहरुलाई सेनेटरी प्याड नि: शुल्क उपलव्ध गराईनेछ।

४३ विद्यालयको शुल्क तथ्याङ्क, लेखापरीक्षण, परीक्षा आदिको व्यवस्थापनमा विद्यालयलाई जिम्मेवार वनाउन दण्ड जरिवानाको व्यवस्था गरिनेछ।

४४ माध्यमिक तह देखिनै प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिदै नगरपालिका भित्र संचालनमा रहेका सवै सामुदायिक विद्यालयहरुमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना तथा स्तरोन्नती गर्दै **न्यूनतम एक विद्यालयमा एक प्राविधिकधारको पठन पाठन** संचालन गर्ने नीति लिईनेछ।

४५ वागमती प्रदेश सरकारले चालु आ.व. देखिनै शुरुवात गरेको एक विद्यालय एक नर्स कार्यक्रमलाई आगामी वर्षमा थप विस्तार गरेकोमा आवश्यक सहजीकरण गरी सामुदायिक विद्यालयमा आलोपालो हेर्ने व्यवस्था मिलाईनेछ।

**ख लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

४६ लैङ्गिक हिंसा, शोषण, मानव वेचविखन, विभेद तथा दुर्व्यवहारलाई **शुन्य सहनशिलता**को नीति अवलम्वन गरिनेछ । यसका लागि स्थानीय संघ संस्थाहरुसंगको सहकार्यमा विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ। साथै लैगिंक हिंसावाट पीडित तथा प्रभावितहरुका लागि **स्थानीय तत्काल उद्धार तथा राहत** समिति गठन गरी कार्यान्वयनमा ल्याईनेछ।

४७ महिला हिंसा,वालविवाह, छुवाछुत लगायतका सामाजिक कुरीति तथा कुप्रथा अन्त्य गरी वालवालिका,अपाङ्ता भएका व्यक्ति,जेष्ठ नागरिक,एकल महिला, दलित तथा किशोरीहरुको हकअधिकार सुनिश्चित गर्ने नीति लिईनेछ।

४८ प्रदेश सरकारको सहयोगमा **जेष्ठ नागरिक श्रोत केन्द्रको** सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ।

४९ सीप सीक्ने चाहानालाई यथार्थमा परिणत गर्न सीप विकास अध्ययन एवं तालिम केन्द्र स्थापनार्थ समन्वय गरिनेछ।

५० **"हाम्रो वालवालिका हाम्रो भविश्य** भन्ने मुल्य मान्यतालाई आत्मसाथ गर्दै वालमैत्री स्थानीय शासनलाई निरन्तरता दिई यस नगरपालिकाका वडाहरुलाई क्रमश वालमैत्री घोषणा गर्दै नगरलाई पूर्ण वालमैत्री नगर घोषणा गरिनेछ।

५१ हिंसा पिडित महिला र बालबालिका, जेष्ठनागरिकहरुको लागि आपतकालीन कोषको व्यवस्था गरिनेछ।

५२ पारिवारिक पुनर्मिलन गर्नसम्भव नभएका अन्तरसरकारी समन्वय तथा संङ्घसंस्थाको साझेदारीमा संरक्षणमा राख्नुपर्ने वालवालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि वालगृह, संरक्षण गृह, जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा पुन:स्थापना गर्न पहल गरिनेछ।नगर क्षेत्रमा रहेका त्यस्ता संरक्षणगृहहरुको नियमित अनुगमन गर्दै संस्थागत संरचना सुधारकालागि प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

५३ **टोखा नगरपालिकाको सरोकार, महिलालाई अवसर र अधिकार** भन्ने मूल्य मान्यतालाई अंगीकार गर्दै महिला समूह,समिति र संस्थामा आवद्ध महिलाहरुलाई उत्पादन मूलक व्यवसाय र स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने नीति लिईनेछ।

**ग.युवा तथा खेलकुद**

५४ **युवाको जाँगर समृद्ध नगर** अभियानलाई जोड्न नगरका विभिन्न कार्यक्रमहरुमा युवाहरुलाई परिचालित गरि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। **नगरस्तरीय तथा वडास्तरीय युवा तथा खेलकूद विकास समिति** गठन गरिनेछ।

५५ कोभिड-१९ रोकथाम ,नियन्त्रण तथा रोगप्रतिरोधात्मक क्षमता वृद्धिको लागि युवाहरुलाई खेल सामाग्रीहरु वितरण गरिने नीति अवलम्वन गरिनेछ।

५६ खेलकूदका माध्यमवाट नगरलाई अगाडी वढाउन तथा सवै सामु परिचित गराउन **मेयरकप खेलकूद**को आयोजना गरिनेछ। **हामी युवा हाम्रो सान- एक वडा एक खेलकूद मैदान** निर्माणलाई अभियानको रुपमा अगाडी वढाई पुर्वाधार निर्माण तथा प्रशिक्षणको व्यवस्था मिलाउन पहल गरिनेछ।

५७ एकेडेमी हल , खेलकूद मैदान निर्माणको लागि संघ तथा प्रदेश संग आवश्यक पहल गरिनेछ।

५८ लागु पदार्थ दुर्व्यसनवाट जोगाउनको लागि सचेंतनामुलक कार्यक्रम संचालन गर्नुको साथै दुर्व्यसनमा फसेकालाई पुर्नस्थापनाका लागि आवश्यक पहल गरिनेछ।

**घ. स्वास्थ्य**

५९ आगामी आ.बलाई स्वास्थ्य सेवामा लगानी, पुर्वाधार विकास वर्षको रुपमा लिई स्वास्थ्य क्षेत्रमा पुर्नसंरचना,गुणस्तर सुधार र सेवा विस्तार गर्ने अभियान संचालन गर्दै सवै वडाहरुमा एक स्वास्थ्य संस्था स्थापना क्रमागत रुपमा गराउदै केहि वडाहरुमा ल्याव सेवा विस्तार गरिनेछ। गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य कर्मीहरुलाई क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रम संचालन गरिनेछ।

६० नगरक्षेत्रमा व्यप्त रहेको नर्सने रोगको रोकथाम, पहिचान र व्यवस्थापन गर्नका लागि **मेयर स्वास्थ्य कार्यक्रम** सन्चालन गरिने छ।

६१ गर्भवती तथा सुत्केरि र वालवालिकाको स्वास्थ्यलाई मध्येनजर गरि **महिला संग उपमेयर** कार्यक्रम सन्चालन गरिविशेषज्ञ चिकित्सकवाट निःशुल्क सेवा गरिने छ। प्राथमिक स्वास्थ् केन्द्रमा नियमित चेकजाँच गराई प्रसुती हुने महिलाहरुलाई **प्रसुती पोषण** कार्यक्रम लागु गरिनेछ।

६२ खोप कार्यक्रमलाई प्रभावकारी रूपमा सन्चालन गर्न खोप केन्द्रहरू निर्माण गरि वालवालिका तथा जोखिममा रहेका वयष्कहरूका लागि थप खोपहरू प्रदान गरिने छ।

६३ टोखा चण्डेश्वरी प्रा.स्वा.के. लाई स्तरोन्ति गरी नगरको हव हस्पिटलको रूपमा सन्चालन गरिने छ र वडा स्तरमा सामुदायीक फार्मेसि सन्चालन गरि सहुलियत दरमा औषधि उपलव्ध गराउने र केन्द्र सरकारको समन्वयमा स्वास्थ्य वीमा कार्यक्रम सन्चालन गरिने छ।

६४ कोभिड १९ लगायतका अन्य सर्ने नसर्ने रोगहरुवाट जोगिन आवश्यक निरोधात्मक उपायहरु प्रभावकारी रुपमा लागू गर्दै टोखा चण्डेश्वरी प्रा.स्वा.के. मा २ वेडको सुविधा सम्पन्न आईसोलेसन रूम र्निमाण गरिने छ।

६५ नगरपालिका भित्र विश्व स्वास्थ्य संगठनको कार्यविधी अनुसार स्वास्थ्य संस्थाजन्य फोहर मैला विर्सजनका लागि प्लान्ट स्थापना गरि सन्चालनमा ल्याईने नीति लिईनेछ।

६६ प्रदेश सरकारको समन्वयमा प्राथमिक स्वास्थ्य केन्द्र संगै रहेको थप जग्गामा प्रदेशस्तरी ल्याव निमार्णको लागि पहल गरिनेछ।

६७ शारिरीक तथा मानसिक स्वास्थ्यको लागि विभिन्न संघ संस्थाको सहकार्यमा **एक वडा एक योग-ध्यान केन्द्र तथा व्यायामशाला** निर्माणको लागि आवश्यक पहल गरिनेछ।

६८ नगर क्षेत्रका नीजि अस्पताल तथा क्लिनिकहरुले नगरबासीलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन कम्तिमा १५ प्रतिशत छुट गराउन पहल गरिनेछ।

## ङ. संस्कृति प्रवर्द्धन

६९ नगर क्षेत्र भित्रको एतिहासिक सम्पदा तथा स्थानहरुलाई जीवन्त राख्नका लागि त्यस्ता क्षेत्रहरुको संरक्षण र सम्वर्धन गरिनेछ।

७० सम्पदाहरुको पुन:निर्माण तथा जिर्णोद्धारमा पुरातत्व विभाग र अन्य निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

७१ स्थानीय जात्रा तथा संस्कृतिक पर्वहरुको उचित व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गरि नियमित रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ।

७२ टोखा नगरपालिकाको वडा नं. २ र ३ को प्राचिन वस्तीलाई घोषित **टोखा सांस्कृतिक संरक्षित क्षेत्र** को विकास, संरक्षण र प्रवर्धन गर्न टोखा सास्कृतिक संरक्षित क्षेत्र विकास समिति गठन गरिएकोले सो लाई निरन्तरता दिईनेछ।

७३ सास्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना र कार्यविधि वनाई सो अनुसार विकास निर्माण एवं निजी आवास निर्माण समेत सोहि अनुसार गर्न प्रोत्साहन गरिनेछ।

७४ **"ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"** को अभियानलाई सार्थक तुल्याउन नगरको ईतिहास,संस्कृति, मौलिक परम्परा समेट्ने फोटो, चित्र तथा श्रव्यदृश्य सामाग्री निर्माण गरि विभिन्न स्थानहरुमा कलात्मक मुर्ति तथा भित्तेचित्र राखिनेछ।

## च . खानेपानी तथा सरसफाई

७५ नगरका सवै वडाहरुमा खानेपानी उपलव्ध गराउनको लागि काठमाडौँ उपत्यका खानेपानी लिमिटेडसंग आवश्यक समन्वय गरि मेलम्ची खानेपानीलाई वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ।

७६ नगर क्षेत्र भित्र भएका पानीका स्रोतहरुको पहिचान गरि सो लाई नगरवासीको उच्चतम हितमा प्रयोग गर्ने नीति अवलम्वनगरिने छ। साथै वडा नं. १ र २ मा रहेको प्राकृतिक पानीको मुहान भएको क्षेत्रसंरक्षणमा प्राथमिकता दिईनेछ।

७७ वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको विस्तारको लागि विशेष अभियान संचालन गरिनेछ।

७८ फोहोरमैला संकलन, पुन: प्रयोग, प्रशोधन, विसर्जन कार्यको सेवा शुल्क निर्धारण र नियमन गरिने छ।

७९ नगरक्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि सम्वन्धित सरोकारवाला तथा अन्य निकायहरुसंग सहकार्य गरी व्यवस्थापनको कार्य गर्न पहल गरिनेछ।

८० नगर क्षेत्र भित्र भएर वहने नदीनालाहरु तथा किनारमा सरसफाई तथा वृक्षारोपण गर्ने अभियान मुलक कार्यक्रमसंचालन गरिनेछ।

**छ. सरकारी तथा गैर सरकारी संस्था**

८१ यस नगरपालिका भित्र संचालनमा रहेका अर्ध-सरकारी तथा गैर सरकारी संस्थाहरुलाई नियमन गर्न आवश्यक व्यवस्था गरिनेछ।

८२ नगर क्षेत्र भित्र संचालनमा रहेका सवै किशिमका NGOर INGO लाई नगरमा अनिवार्य रुपमा दर्ता/ सूचिकृत हुने व्यवस्था मिलाईनेछ।

## ३. पुर्वाधार विकास

### क. भवन तथा शहरी विकास

८३ नगरपालिकाले असल पुर्वाधार निर्माण अभ्यास (Good Infrastructure Construction Practice) प्रवर्द्धनको लागि विभिन्न प्राविधिक जनचेतना मूलक कार्यक्रमहरुको आयोजना गरिनेछ।

८४ यसै आ.व देखि शुरुवातको चरणमा रहेको नगरपालिका कार्यालय भवन र वडा कार्यालय भवन निर्माणको लागि आगामी आ.वमा पनि आवश्यक वजेट विनियोजन गरी क्रमागत रुपमा भवन निर्माणको कार्यलाई सम्पन्न् गरिनेछ। साथै नगरको सौन्दर्य वृद्धि गर्नको लागि मुख्य सडकको दायाँवायाँ रहेका घरहरुको अग्रभाग एकै प्रकृतिको रंग रोगन गर्न नगरवासीलाई अभिप्रेरित गरिनेछ।

८५ आवासीय, व्यापारिक,संघ-संस्था लगायत सबै प्रकारका भवन-मापदण्ड र भवन निर्माण संहिताको पालना गरी सुरक्षित तरिकाले निर्माण गर्ने व्यवस्था गरिनेछ। भवन निर्माण प्रकृयामा जानु अघि निर्माणस्थलमा अनिवार्य रुपमा प्रस्तावित भवनको नक्सा र विवरण सहितको वोर्ड राख्नु पर्ने व्यवस्था गरिनेछ।

८६ तोकिएको मापदण्ड अनुसार न्युनतम भन्दा वढी खुल्ला क्षेत्र राखी नगरपालिकाको शहरी ईलाकामा घर निर्माण गर्नै व्यक्तिलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। साथै मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगवाट भवन निर्माण भएमा नक्सापासमा विशेष छुट दिने व्यवस्था मिलाईनेछ।

८७ नक्सापास प्रक्रियालाई इन्ट्रानेटबाट संचालन हुदै आएकोमा अपडेट गरी अनलाइन सिष्टमवाट संचालन गरि उक्त प्रकृयालाई अझ सहज र प्रभावकारी वनाउन जोड दिईनेछ। साथै नक्सापास विना निर्माण भएका घरहरुलाई करको दायरामा ल्याउनको लागि आवश्यक व्यवस्था गरिनेछ।

८८ नगरक्षेत्रमा निर्माण हुने व्यावसायिक भवनहरुलाई निर्माण स्वीकृति दिदाँ अपाङ्गमैत्री तथा Underground Parking निर्माण गर्नको लागि अभिप्रेरित गरिनेछ।

८९ सडक छेउमा रहेका अनावश्यक विजुली, केवलका तार तथा पोलहरु हटाई अव्यवस्थित रहेकाहरुलाई सम्वन्धित निकायसंगको सहकार्यमा उचित तवरले व्यवस्थापन गरिनेछ ।

९० चालु आ.व. देखि प्रकृयामा रहेको सार्बजनिक जग्गा अतिक्रमणको अभिलेखाँकनलाई पुर्ण रुप दिई त्यस्ता क्षेत्रमा बनाईएका संरचना हटाउन आवश्यक व्यवस्था मिलाईनेछ। स्ववासी र गैह्रवासीको अवस्था अध्ययन गरी सम्वन्धित निकायमा सिफारिस गरिनेछ।

९१ सार्वजनिक जग्गामा वनेका सवै संरचनाहरु (सामुदायिक भवनहरु, आदि) नगरपालिकाको स्वामित्वमा राखी संरक्षण सहित आवश्यकताको आधारमा प्रयोग गरिनेछ।

९२ जग्गा खण्डीकरणलाई व्यवस्थित गराउन संघीय एवं प्रदेश सरकारको नीति अनुसार मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

९३ नगरलाई वातावरणमैत्री सुरक्षित वसोवास स्थलको रुपमा विकास गरि नगरको भूगोल अनुसार व्यापारिक, पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटन विकास तथा कृषि लगायत सवै क्षेत्रलाइ व्यवस्थित नगरपालिकाको रुपमा क्रमागत पुरा गराउदै लान अल्पकालीन, मध्यकालिन र दीर्घकालीन कार्यक्रमहरु छनौट गरिएकालाई क्रमागत रुपमा संचालन गरिनेछ।

**ख खानेपानी पुर्वाधार कार्यक्रम**

९४ खानेपानीको सहज आपुर्तिको लागि मेलम्ची खानेपानीलाई यस नगरपालिका भित्र वितरणको लागि पहल गरिनेछ।

९५ यस नगरपालिका भित्र रहेका वडा नं. १ र २ लगायतका खानेपानीका प्रकृतिक मुहान पहिचान गरि सो को उचित संरक्षण गरी संचालनमा ल्याईनेछ।

९६ सरकारी निजि साझेदारी र सहकार्यमा खानेपानी आपूर्ति व्यवस्थाको लागि बिशेष प्राथमिकता दिईनेछ ।वातावरणलाई मध्यनजर गरी जमिनको उपलव्धता हुन सक्ने अवस्थालाई हेरी डिप वोरिङ्ग कार्य विस्तार गर्दै लगिनेछ।

**ग ऊर्जा**

९७ मेयर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईने छ।

९८ सार्बजनिक चोक, मठ-मन्दिर, बिद्यालय, वडा कार्यालयहरुमा सडक बत्ती जडान गर्न प्राथमिकता दिईनेछ ।

**घ. सडक तथा पुल**

९९ सडक निर्माण गर्दा फुटपाथ,हरियाली सहितको भिन्न क्षमता मैत्री सडक निर्माणलाई जोड दिईनेछ ।

१०० जनसहभागितामा आधारित विकास प्रकृयाका लागि कम्तिमा ४० प्रतिशत जन-सहभागिता रकम जम्मा गरी विकास गर्न चाहने उपभोक्ताहरुलाई ध्यानमा राखी सो अनुरुप समपुरक कोषवाट ब्यबस्थापन गरिनेछ ।

१०१ सिमा जोडिएका नगरपालिकालाई फाइदा पुग्ने खालका दुइ वा दुइ भन्दा वढी नगरपालिकाको साझेदारीमा संचालन हुनेपुर्वाधार निर्माणका कार्यक्रमहरुलाइ विषेश जोड दिइने छ। यसको लागि समपुरक कोषबाट व्यवस्था गरिने छ ।

**१०२** अन्तर स्थानीय तह तथा उपभोक्ता समिति एंव टोल विकास संस्थाहरु संग आवश्यक समन्वय गरी साझेदारी कार्यक्रमहरु संचालन गरिने छ । साथै टोल विकास संस्था/ उपभोक्ता समितिहरुको लेखापरीक्षण अनिवार्य गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । एक टोल विकास संस्था/ उपभोक्ता समितिले गरेको नमुना कार्य अर्को टोल विकास समिति/ उपभोक्ता समितिलाई अवलोकन गराई अनुभवको आदन प्रदान गर्ने व्यवस्था मिलाईनेछ । साथै उत्कृष्ठ कार्य गर्ने टोल विकास संस्था/ उपभोक्ता समितिलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

१०३ नगरपालिका भित्र निर्माण हुने सडक, ढल, विद्यालय, पार्क, स्वास्थ्य चौकी, र सामुदायिक वनहरुको विकास विस्तार कार्यलाई प्रभावकारी वनाउन विषेश पहल गरिनेछ ।

१०४ नगरपालिका क्षेत्रभित्र रहेका राजकूलो,गोरेटो वाटो, खोल्सी,खोला, नदी किनारमा क्रमागत रुपमा करिडोर निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

१०५ नगरपालिका भित्र रहेका सडक /टोल/ वस्तीहरुको नामाकरण ऐतिहासिक, सास्कृतिक, पौराणिक नामको आधारमा गर्ने व्यवस्था मिलाईनेछ ।

१०६ टोखा नगरपालिका भित्रका आयोजना/परियोजनाहरुको योजना बैक वनाई प्राथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ । साथै विभिन्न दातृ निकायहरुसंग सहयोग लिई समेत संचालन गरिनेछ ।

## ४. वातावरण तथा विपद व्यवस्थापन

१०७ विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन **विपद् व्यवस्थापन कोषको रकममा वृद्धि** गरिनेछ । संघीय सरकार, प्रदेश सरकार, अन्तर-स्थानीय तह, सरकारी तथा गैर सरकारी सङ्घ संस्थावीच समन्वय कायम गर्दै उद्धार एवं राहतको कार्यलाई व्यवस्थित वनाउंदै लगिनेछ । विपद् व्यवस्थापन सामाग्री खरिद, उचित भण्डारण र समयानुकूल परिचालन गराउदै नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार गरिनेछ ।

१०८ विपद जोखिम क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण सचेतना कार्यक्रमहरु संचालन गर्दै एक वडा एक Response Team तयार गराउंदै लगिनेछ । **एक वडा एक विपद सुरक्षित स्थल** किटान गरी आवश्यक पुर्वाधारहरु विकास गर्दै लगिने कार्यलाई निरन्तरता दिईनेछ ।

१०९ शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न GREEN TOKHA अभियान अन्तर्गत पार्क निर्माण, वृक्षारोपण, वातावरण तथा फोहोर मैला व्यवस्थापन, सम्पदा संरक्षण, प्लाष्टिक झोला न्यूनिकरण तथा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ । साथै सडक किनारहरुमा हरियाली कायम गर्न वृक्षारोपण गरिनेछ ।

११० चालु आ.व. देखि शुरु गरिएको **एक वडा एक उद्यान** नीतिलाई साकार पार्न त्यस्ता योजना तथा कार्यक्रमहरुलाई निरन्तता दिईने छ ।

१११ **एक घर दुई फलफुलको विरुवा** अभियानलाई निरन्तरता दिईनेछ ।

११२ **घरभित्रको फोहोर घरभित्र**नै व्यवस्थापन गर्न कम्पोष्टविन उपलव्ध गराई कम्पोष्ट मल वनाउन आवश्यक तालिम सहित अभिप्रेरित गरिनेछ ।

११३ वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यूनिकरण गर्न नदीका दुवै किनाराहरु तथा अन्य त्यस्ता जोखिमयुक्त स्थानहरु पहिचान गरी नियन्त्रणका कार्यहरु निरन्तर गरिनेछ ।

११४ सडक अतिक्रमण गरी ब्यबसायीले सामग्री सडक पेटीमा राख्ने, ठेला-गाडा-रिक्सा आदि संचालन गर्ने कार्यलाई बिस्थापित गरिनुको साथै अटेर गर्नेलाई दण्डित गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### क. सुशासन, सेवा प्रवाह तथा मानव संसाधन विकास

११५ नागरिक वडापत्र अद्यावधिक गरि डिजिटल बोर्ड मार्फत सूचना प्रवाह गरिनेछ।

११६ नगरपालिकाको बिद्दमान संगठन संरचनामा कार्य वोझको आधारमा पुनरावलोकन गरिनेछ।

११७ प्रत्येक कर्मचारीहरुलाई सूचक सहितको कार्यविवरण उपलव्ध गराई कार्यसम्पादन करार गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको विकास गरि सतप्रतिशत नतिजा हासिल गर्ने लक्ष्य लिईनेछ । कार्य सम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तर दिईनेछ । कर्मचारीलाई वृत्ति विकासको समुचित अवसर प्रदान गरिनेछ।

११८ मानकका आधारमा सार्वजनिक सेवा प्रदान गर्ने कर्मचारिहरुको म भ्रष्टाचार गर्दिन, **म भ्रष्टाचार हुन दिन्न, म नगर र जनताका लागि ईमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु** भन्ने प्रतिवद्धता आत्म साथ गरी सेवा प्रवाह गर्न निर्देशित गरिनेछ।

११९ नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध कायम गरिने नीति लिईनेछ । यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ।

१२० नगरपालिका अन्तर्गतका सम्पुर्ण कार्यालयहरुमा जनगुनासोलाई सम्वोधन गर्न सुझावपेटीका राखी नियमित खोल्ने व्यवस्था गरी यथासक्य छिटो जनगुनासोहरुको सम्वोधन गरिनेछ साथै नगरका गतिविधीहरु नगरवासी समक्ष पुर्याउन **स्थानीय राजपत्र र नगर वुलेटिन प्रकाशन**लाई नियमित र व्यवस्थित गर्दै लगिनेछ।

१२१ जनप्रतिनिधि तथा कर्मचारीहरु वीच दोहोरो संवाद कार्यक्रम संचालन गर्दै दैनिक कार्यसम्पादनमा सहजता ल्याउन क्षमता विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

१२२ सार्वजनिक सेवा प्रवाहमा विचौलियाको अन्त्य गर्दै नगरपालिका भित्र सेवा प्रदान गर्ने विभिन्् संघ संस्था तथा सरकारी निकायहरुसंग आपसी समन्वयको आधारमा कार्य गर्ने नीति लिईनेछ।

१२३ नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुको योजना , कार्यक्रमहरुको प्रगति एवं भावी कार्ययोजनाको वारेमा नगरवासीहरुलाई जानकारीको लागि सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।

१२४ जनप्रतिनिधी तथा कर्मचारीहरुको सामुहिक म्यादी जीवन वीमा गरिनेछ । कार्यालय सम्वन्धि कामकाजमा खटिएका जनप्रतिनिधि र कर्मचारीहरु दुर्घटना परेमा सम्पुर्ण उपचार खर्च नगरपालिकावाट व्यहोर्ने साथै कर्मचारीको मृत्यु भएमा राहत उपलव्ध गराईनेछ ।

१२५ नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुवाट प्रदान गरिने सेवाको सन्दर्भमा नियमित रुपमा **नागरिक सन्तुष्टी सर्भेक्षण** गरिने व्यवस्था मिलाईनेछ ।

१२६ देश भित्र तथा वाहिरका गाउँ/नगरहरुसंग भगिनी सम्वन्ध गाँस्ने कार्यलाई अगाडी वढाईनेछ । साथै भगिनी सम्वन्ध गाँसिन लागेका सहरहरुसंग असल अभ्यास आदन प्रदान गर्ने तथा साझेदारीमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

### ख. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

**१२७** नगरपालिकाका हरेक काम कारवाही वेबसाइट, इमेल, नेटवर्किंग जस्ता बिद्दुतीय संचार माध्यमको प्रयोग गरी कागज रहित(paperless) बनाईदै लगिनेछ।

१२८ नगरपालिकाका सार्वजनिक जग्गा, सार्बजनिक सम्पति, घर-नक्सा पास, व्यक्तिगत घटना दर्ता, निर्णयहरु लगायत सवै किसिमको अभिलेखहरुको digitalized गरी व्यवस्थित गरिनेछ ।

**१२९** नगरपालिकामा स्थापना भएको नगर सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित र सुविधा सम्पन्न वनाउदै सवै सूचना तथा जानकारीहरु नगरवासी सहजताका साथ प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

१३० कर्मचारीहरुलाइ सुचना प्रविधि तथा ई-गभर्नेन्स सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

**१३१** नगरवासीलाइ सूचना प्रविधिमैत्री बनाउन क्रमश: नगरपालिका कार्यालय परिसर, वडा कार्यालयहरु र महत्वपुर्ण स्थानहरु Wi-Fi Free Zone को लागि intranet को प्रवन्ध मिलाईनेछ ।

**१३२** Mobile Apps द्धारा सेवा प्रवाहमा सुधार गरिनेछ ।

**ग. सुरक्षा व्यवस्थापन**

१३३ हाल विश्वभर फैलिएको कोभिड-१९ को महामारीवाट सृजित त्रासलाई न्यून गर्न रोगप्रतिरोधात्मक क्षमता विकासको लागि मनोपरामर्श तालिमको व्यवस्था गरिनेछ।

१३४ नगर प्रहरीको स्वीकृत दरवन्दी अनुसार भर्ना प्रकृया अगाडी वढाउने व्यवस्था मिलाईनेछ।

१३५ नेपाल प्रहरीसंगको समन्वय तथा सहकार्यमा नगरको मुख्य चोकहरुमा सिसिटीभी राखी **जनता सुरक्षा कार्यक्रम** लाई निरन्तरता दिईनेछ।

१३६ नगरपालिका क्षेत्र भित्र रहेका टोलहरुमा **सुरक्षा साईरन** जडान कार्यकोलागि स्थानीय टोल विकास संस्थालाई परिचालन गरिनेछ।

१३७ सामुदायिक प्रहरी साझेदारी कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१३८ नगरपालिका क्षेत्र भित्रका छात्र-छात्राहरुलाई आत्मरक्षा तालिमको व्यवस्था मिलाईनेछ।

**घ. न्याय सम्पादन**

१३९ सामाजिक न्याय र स्थापित ऐन कानूनमा आधारित भई न्याय सम्पादन गरिनेछ।

१४० न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम संचालन गर्दै आर्थिक रुपले विपन्न् नागरिकहरुको लागि निःशुल्क कानुनी सहायता तथा परामर्शको व्यवस्था मिलाईनेछ।

१४१ न्यायिक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमवाट निरुपण गर्ने नीति लिईनेछ।

१४२ कानूनी साक्षरता कार्यक्रम संचालन गरिनेछ । सवै वडा कार्यालयहरुमा मेलमिलाप समिति गठन गर्दै मेलमिलाप केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन

### क. अन्तिम लेखापरीक्षण तथा वेरुजु

१४३ गत आ.व को वेरुजु मध्ये नियमित गर्नु पर्नेलाई नियमित गरि असुल उपर गर्नुपर्ने खालको वेरुजु रकम सम्वन्धित व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गरिनेछ।

१४४ तोकिएको समयमानै पेश्की तथा वेरुजु फछर्यौट नगरेमा भुक्तानी हुनवाँकी रकम, पारिश्रमिक, तलव भत्ता समेत रोक्का गरि असुल उपर गरिनेछ।

**ख. लेखाकंन तथा राजस्व परिचालन**

१४५ कोभिड-१९ महामारीवाट समग्रक्षेत्रमा पर्नगएको प्रभाववाट नगरवासी लगायत व्यावसाय क्षेत्रलाई जोगाउन आर्थिक ऐनमा उल्लेख भए वमोजिमका शिर्षकहरुमा निश्चित समयावधि तोकि छुट तथा सहुलियतको व्यवस्था मिलाईनेछ।

१४६ व्यवस्थित लेखा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कार्यालयको सस्थागत क्षमता अभिवृध्दि गर्न पहल गरिनेछ।

१४७ नेपाल सरकारवाट स्वीकृत कोष लेखाङ्कन प्रणाली (SUTRA) सुत्र को प्रभावकारी कार्यान्वयन गरी वजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदन तयार गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१४८ कर तथा शुल्क दस्तुरलाई समय सापेक्ष, कर संकलन प्रणालीलाई थप प्रगतिशिल र समन्यायीक वनाईनेछ।

१४९ संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पुर्ण मितव्ययीता अपनाई नगरवासीको उच्चतम् हितमा प्रयोग गरिनेछ।

१५० राजस्व सङ्कलन तथा करदाताको अभिलेख व्यवस्थित वनाउदै लगिनेछ।

१५१ **मैले तिर्ने कर मेरै नगर विकासका लागि** भन्ने आम करदातालाई महशुस हुने गरी सेवा प्रवाह गरिनेछ। करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन अभियान संचालन गरिनेछ।

१५२ नगरपालिकाले वैज्ञानिक कर प्रणालीलाई अंगीकार गर्दै लागू गरिनेछ। सवैभन्दा वढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ।

१५३ राजस्व संकलनको लागि करशिक्षा एंव संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

१५४ स्थानीय कर आधार संरक्षणगरी करको दर र दायरा विस्तार गर्ने,स्थानीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरुको पुनरावलोकन गरिनेछ।

**ग . वित्तिय शुसासन तथा जोखिम न्यूनिकरण**

१५५ अनावश्यक खर्च नियन्त्रणमा गरि सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्वन गरिनेछ।

१५६ खरिद प्रकृयालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय वनाउदै लगिनेछ।

१५७ आर्थिक कार्यप्रणालीलाई थप चुस्त र दुरुस्त वनाई वितिय सुशासन कायम गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी वनाईनेछ ।

१५८ आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र वार्षिक विवरणहरु सूचनापाटी, Website साथै संचार माध्यमहरुवाट सार्वजनिक गरिनेछ ।

१५९ तपशिल वमोजिमका कोषहरुको कार्यविधि आवश्यकतानुसार संशोधन गरी सोहि अनुसार सञ्चालन गरिनेछ ।

क. समपुरक कोष
ख. आकस्मिक कोष
ग. विपद् व्यवस्थापन कोष
घ. मर्मत सम्हार कोष
ङ. जनशक्ति विकास कोष
च. स्वास्थ्य उपचार विशेष कोष
छ. संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष
ज. खेलकूद विकास कोष
झ. कर्मचारी कल्याण कोष
ञ. सार्वजनिक जग्गा संरक्षण कोष
ट. वन, वातावरण तथा सरसफाई कोष

१६० आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पादन गराउंदै सोको सल्लाह सुझाव अनुसार कार्य सम्पादन गरिनेछ ।

१६१ विश्वसनीय र गुणस्तरिय लेखापरिक्षणको माध्यमवाट वितिय सुशासन कायम हुनुका साथै जोखिम न्यूनिकरण गरिनेछ ।

**घ. सामाजिक परीक्षण**

१६२ सामाजिक लेखापरीक्षण गरिनेछ ।

**ङ . सार्वजनिक सुनुवाई**

१६३ सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथाशीघ्र सम्वोधन गरिनेछ ।

१६४ गुनासो अभिलेख, उजुरीपेटीका, सुझाव पेटीका लगायतको व्यवस्थित रुपमा कार्यालयमा व्यवस्थापन गरि सोही आधारमा कार्यसंचालन व्यवस्थापन गरिनेछ।

१६५ सेवा प्रवाह र कार्यालयको काम कारवाही वारे नगरवासीलाई नियमित रुपमा प्रविधिका माध्यमवाट सु-सूचित गरिनेछ ।

**१६६ दीर्घकालीन योजना**

हाम्रो नगरपालिकालाई एउटा नमूना नगरको रुपमा विकास गर्ने प्रतिवद्धताको यो शुरुवात मात्र हो । यसका लागि हामीले अल्पकालिन, मध्यकालिन र दीर्घकालीन योजनाहरु तर्जुमा गरी सो योजनामा उल्लेखित लक्ष्य हासिल गर्न तदअनुरुपको कार्यक्रमलाई कार्यान्वयन गर्न जरुरी छ । त्यस्ता योजनाहरु क्रमागत रुपमा तर्जुमा गरिनेछ । उल्लेखित दीर्घकालीन योजनाहरुलाई प्रदेश तथा संघीय सरकारसंग कार्ययोजना सहित माग गर्न प्राथमिकता सूचिमा समावेश गरिएको छ ।

१. विष्णुमित तथा साङ्ला एवं सपनतिर्थ खोला करिडोर निर्माण ।
२. नदीका दुवै किनारामा ढल निर्माण तथा प्रशोधनकेन्द्र निर्माण ।
३. वहु प्राविधिक विद्यालयको स्थापना ।
४. शिवपुरी नागार्जुन राष्ट्रिय निकुत्र्जको सिमाना संगै पद मार्ग तथा साईक्लिङ्ग मार्गको निर्माण ।
५. भूतखेल चौर तथा सो क्षेत्रको सामुदायिक वनलाई संरक्षण गरि पर्यटकीय पुर्वाधार विकास ।
६. वौडेश्वरको गुरुयोजना अनुसारको कार्य ।
७. मेलम्ची खानेपानीलाई नगरपालिका ईलाकामा वितरण गर्ने व्यवस्था मिलाउन पहल ।
८. वडा नं. २ को गले थरखेल पार्क निर्माण ।
९. वसुन्धरा चोक देखि वसपार्क सम्म रिङ्गरोडको ढल व्यवस्थापन ।
१०. नगरभित्रका ऐतिहाँसिक धरोहरहरुको पुननिर्माण तथा जिर्णोद्धार ।
११. वारुणयन्त्र संचालन ।
१२. नगरलाई देश तथा विदेशमा चिनाउन विभिन्न शहरहरुसंग भगिनी सम्वन्ध स्थापना ।
१३. नगरभित्रका सवै सार्वजनिक सम्पतिहरुको अभिलेखन गरि संरक्षण ।
१४.स्मार्ट सिटीका आधारभूत पुर्वाधार तयार ।
१५.एक वडा एक पार्क निमार्ण ।
१६. रंगशाला निर्माण ।
१७. औद्यौगिक प्रदर्शनी स्थल निर्माण ।
१८. सम्मेलन केन्द्र , एकेडेमी तथा कार्यक्रम संचालन हलनिमार्ण ।
१९. Overhead Crossing Bridge निर्माण ।

१६७ आगामी आ.व. को आय व्ययको अनुमान १ अरव ५८ करोड ४१ लाख ७७ हजार हुने श्रोत प्रक्षेपण गरिएको छ । जसमा वडागतरुपमा रु. २ करोड २१ लाखको सिलिंग प्रस्ताव गरेको छु ।

१६८ टोखा नगरपालिकाले हाल सम्म हासिल गरेका उपलव्धिहरुलाई संरक्षण गर्दै समुन्नत नगरपालिका निर्माण गर्ने कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रण गरि महामारीवाट प्रभावित सामाजिक आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई

नगरवासीको सर्वाङ्गिण हित कायम गर्दै विकास निर्माणलाई गतिदिने अठोटका साथ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

१६९ प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट **"ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"** निर्माण भई **"समृद्ध नेपाल सुखी नेपाली"**को राष्ट्रिय आकाक्षां पुरा गर्न योगदान पुग्ने विश्वास लिएको छु ।

१७० **अन्तमाः** यस महामारीको विषम परिस्थितीसंग जुध्दै हामीले प्राप्त गरेको उपलव्धीहरुलाई संस्थागत गर्दै भविष्यसंग जोड्दै समृद्धि तर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना **"ऐतिहाँसिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"** निर्माणको हाम्रो लक्ष्य तथा उदेश्यहरुलाई सफल बनाउन संघीय सरकार, प्रदेश सरकार, विकास साझेदारहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, जनप्रतिनिधिज्यूहरु, नगरका कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, वुद्धिजीवि वर्ग, श्रमिक वर्ग, नागरिक समाज, आम संञ्चार जगत लगायत सम्पुर्ण नगरवासी दाजुभाई दिदीवहिनीहरुमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद** !

आषाढ १०, २०७७